# REGIONAL NEWS

# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS

18:40 hrs 01.10.2025

---

## मुख्यमन्त्री, राज्यपाल दशै शुभकामना

दशहरा अर्थात विजयादशमीवा दसाई पर्व र नवरात्रको पूर्वसन्ध्यामा, सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले आज राजभवनमा सिक्किमका राज्यपाल ओमप्रकाश माथुरसँग भेट गर्नुभयो। शिष्टाचार भेटको क्रममा, मुख्यमन्त्रीले राज्यपाललाई उत्सवको न्यानो शुभकामना व्यक्त गर्नुभयो । नवरात्रको यस पवित्र अवसरमा, राज्यपाल र मुख्यमन्त्री दुवैले राजभवनमा पूजा गरे र देवी दुर्गाको आशीर्वाद लिए, साथै राज्यको निरन्तर शान्ति, समृद्धि र प्रगतिको लागि सँगै प्रार्थना गरे । उनीहरूले सिक्किमका जनतालाई हार्दिक शुभकामना व्यक्त गर्दै देवी दुर्गाको दिव्य आर्शीवार्दले हरेक घरमा शक्ति, सद्भाव र कल्याणलाई प्रेरित गर्नेछ भनि आशा जनाउनुभयो ।

---

## राज्यपाल बड़ा दशै/दशहराको शुभकामना

सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले बड़ा दशैको शुभ अवसरमा सबै नागरिकहरूलाई शुभकामना व्यक्त गर्नुभएको छ ।

---

## त्रिशक्ति कोर- 59 औं चो ला दिवस

भारतले दृढ संकल्पको गड़गढ़ाहतका साथ 59 औं चो ला दिवसको पालना गरेकोछ। सुकनाको मैदान देखि हिमालयको धारिलो मेरूदण्ड सम्म, 22 महिलाहरू लगायत 85 बाईकहरूले तीन दिने उच्च उचाईको मोटर साईकिल रैलीमा दुर्गम क्षेत्रहरूलाई पार गरे। चो ला मा उनीहरूको आगमनम धार्मिक मामिला मन्त्री सोनाम लामाले स्वागत गर्नुभयो । आजको यो स्मरणोत्सव कार्यक्रम होईन् बरू एउटा सन्देश थियो ।

---

## सेवा पर्व- भारतको जि-20 सफलता

सेवा र सुशासनको मन्त्र अनुरूप प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकारले रूपान्तरण र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ। आज, यस विशेष श्रृङ्खला- सेवा पर्व मा हामी तपाईलाई मोदी सरकारले भारतको जि 20 सफलतालाई कसरी प्रदर्शन गरेको छ,

विश्वव्यापी दक्षिणको आवाजालई बढ़ावा दिँदै र भारतको विश्वव्यापी नेतृत्वलाई सुदृढ़ पार्दै कसरी ल्याएकोछ भन्ने कुरा प्रस्तुत गर्दछौं ।

---

## स्वस्तिक परियोजनाले सिक्किममा 65 औं स्थापना दिवस मनाएकोछ ।

सीमा सड़क संगठन को स्वस्तिक परियोजनाले आज गान्तोकमा आफ्नो 65 औं स्थापना दिवस मनाएको छ, जुन देशको सबैभन्दा चुनौतीपूर्ण क्षेत्रहरूमा छ दशकभन्दा बढ़ी समर्पित सेवा र इन्जिनियरिङ कौशलको सम्झनामा मनाइएको हो ।

1960 मा स्थापित, स्वस्तिक परियोजनाले सिक्किमका दुर्गम उपत्यकाहरू र रणनीतिक अग्रगामी क्षेत्रहरूलाई राष्ट्रिय मुख्यधारामा जोड़न महत्वपूर्ण भूमिका खेलेको छ। 65 वर्षभन्दा बढ़ी समयदेखि, यसले बाढ़ी र बादल फाटने जस्ता प्राकृतिक चुनौतीहरूलाई पार गर्दै 1,412 किलोमिटर सड़क र 80 भन्दा बढ़ी प्रमुख पुलहरू निर्माण र मर्मत गरेको छ। स्थापना दिवस समारोह स्वस्तिक स्मारकमा पुष्पहार अर्पण गर्दै शहीद वीरहरूलाई श्रद्धाञ्जली अर्पण गर्दै भएको थियो । कार्यक्रममा सैन्य सम्मेलन सांस्कृतिक कार्यक्रम र आकस्मिक ज्यालादारीका लागि कल्याणकारी पहलहरू, आवास सुधार र स्वास्थ्य शिविरहरू पनि समावेश थिए। यो सम्धन सकिन्छ कि परियोजना स्वस्तिकमा आगामी वर्षको लागि 1152.66 करोड़ रूपैयाँको महत्वकांक्षी पूर्वाधार विकास योजनाहरू छन् । यसमा पश्चिम सिक्किम राजमार्ग र अन्य महत्वपूर्ण मार्गहरूको निर्माण, र दिगोपन र अत्याधुनिक प्रविधिहरूलाई ध्यानमा राखेर निर्मित उन्नत सुरूङ र पुलहरूको निर्माण समावेश छ।

---

## सहकारीको माध्यमबाट समृद्धिको यात्रामा सिक्किमको प्रयास

संयुक्त राष्ट्रसङ्घले वर्ष 2025 लाई अन्तर्राष्ट्रिय सहकारी वर्ष घोषणा गरेसँगै सिक्किम सहकारी विभागले यसलाई सहकारीले एक राम्रो विश्व निर्माण गर्दछ भन्ने सन्देशका साथ पालन गरिरहेकोछ ।

सिक्किम सहकारी विभागकी सचिव ग्लोरिया नाम्चुले आकाशवाणी गान्तोकलाई जानकारी दिँदै, संयुक्त राष्ट्र महासभाले विश्वव्यापी चुनौतीहरूको सामना गर्न र दिगो विकास लक्ष्य को कार्यन्वयनलाई गति दिन सहकारी मोडेलको महत्वपूर्ण भूमिकालाई स्वीकार गर्दै यो घोषणा गरेको बताइन् । विभागले राष्ट्रिय उत्सवको संयोजनमा अन्तर्राष्ट्रिय सहकारी वर्ष 2025 को विशेष सम्मेलन आयोजना गरिसकेको छ, जसको विशयवस्तु सशक्तीकरण रहेको थियो । सहकारी मन्त्री अरूण उप्रेतिले राज्यका सबै सहकारी संस्थाहरूलाई पुन सक्रिय गर्ने घोषणा गरेका थिए।

---